# दमन र प्रतिरोधको कथा

२०६१ माघ १९ गते बिहानैदेखि टेलिफोनको घण्टी बजिरह्यो र अनेक प्रकारका सूचना आइरहे । कसैले केही थाहा पाएर जानकारी दिइरहेका थिए भने कसैले केही जानकारी पाउनका लागि र कसैले प्राप्त सूचनालाई 'भेरिफाइ' गर्नका लागि टेलिफोनको घण्टी बजाइरहेका थिए । माघे जाडोमा जमेको सहरको खलबल बिस्तारै हुस्सु भित्रभित्रै सतहमा उत्रिन थालेको थियो । बन्द पर्दाभित्रका खेलहरूले सूचनाको संसारलाई तरङ्गित गरिसकेका थिए यद्यपि ती तरङ्गले खास आकार ग्रहण गरिसकेका थिएनन् । आज ठूलै गडबडी मच्चिँदै छ भन्ने अनुमान सर्वत्र व्याप्त थियो तर त्यसलाई पुष्टि गर्ने भरपर्दा आधार देखा परिसकेका थिएनन् । कचौरे काठमाडौँको माघे बिहानी जस्तै घुर्मैलो र चिसो सूचना जल्याङ्जुलुङ् गरेजस्तो मात्रै थियो । त्यसले सूचनाको संसारमा महत्त्वपूर्ण हलचल र जिज्ञासाहरू पैदा गरिदिए पनि छ्याङ्ग खबर कतै केही थिएन ।

यस्तै धमिला सूचनाहरूको भीडबाट एउटा प्रश्नघुलित सूचना टेलिफोनमार्फत कानमा ठोक्किन्छ, “विनोदजी, संकटकाल घोषणा हुँदैछ रे हो ?” यो प्रश्नको जवाफ दिन 'हो' वा 'होइन' भन्ने तहको परिपक्व सूचना कतै थिएन । त्यति बेलासम्म धेरै जनासँगको टेलिफोन वार्ताका क्रममा जम्मा भएको सूचनाको आधारमा आम जानकारी आदानप्रदान गरेँ, “संकटकाल नै भन्ने त पक्का भइसकेको छैन तर त्योभन्दा कम संकट नहोला जस्तो बुझिन्छ किनभने आज 'शाही सम्बोधन' नभएर 'शाही घोषणा' हुने बुझिएको छ । के हुन्छ, ठ्याक्कै

आधिकारिक जानकारी त छैन; ठूलै गडबडी हुँदैछ भन्ने चाहिँ पक्का छ । बरु, तपाईंहरूलाई के थाहा छ, भन्नुस् त !"

त्यति खेरसम्म राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालाई बर्खास्त गरेको घोषणा गर्ने सूचना आधिकारिक जस्तै गरी बजारमा छयाप्छयाप्ती भइसकेको थियो । खालि प्रतीक्षा थियो- २०५९ असोज १८ गते 'अक्षम' भनेर बर्खास्त गरिएका देउवालाई यसपटक के आरोप लगाइने हो भन्ने मात्र । सँगसँगै अनुमान मिश्रित केही सूचनाहरू वैयक्तिक रूपमा प्रवाहित भएका थिए- शाही घोषणामार्फत राजाले देउवालाई पदच्युत गरिसकेपछि उनी आफैँ सरकारप्रमुख हुने छन् र कसैलाई उपाध्यक्ष नियुक्त गर्ने छन्, आफ्ना बाबु महेन्द्रको बाटोको अनुसरण गरेर । अनुमानको राजनीतिक बजारमा उपाध्यक्षका सम्भावित नामहरू आएका थिए- कीर्तिनिधि बिष्ट, सूर्यबहादुर थापा, डाक्टर प्रकाशचन्द्र लोहनी आदि । त्यसपछि आसन्न सार्क सम्मेलनमा राष्ट्राध्यक्ष वा सरकार प्रमुखको रूपमा आफैँले नेपालको नेतृत्व गरेर जानु र क्षेत्रीय स्तरको वैधता आर्जन गर्नु राजाको दाउ हुने छ । नेताहरूको खास खबर थाहा छैन । अघिल्लो दिन राति नै ११ बजेको समाचार *नेपाल टेलिभिजन*मा साढे ११ बजे प्रसारण भयो । राजाको घोषणा आउँछ भनेर कुराइएछ तर नआएपछि नियमित जस्तै समाचार प्रसारण गरियो । खास के हुँदैछ भन्ने प्रस्ट थाहा त छैन तर थप प्रतिगामी केही कडा कदम भने पक्का चालिँदैछ । आदि आदि ।

हो, यही अनुमान, हल्ला र यथार्थको घोल नै सुनाइदिनुको विकल्प थिएन । यो सुनेपछि ताजा घटनामा प्रायः अद्यावधिक रहने स्वभाव भएका विद्रोही नेकपा (माओवादी) का प्रवक्ता कृष्णबहादुर महराको भनाइ थियो– "संकटकाल लगाउने हाम्रो विरुद्धमा भनेर हो, तर ग्रामीण जनता र हामीलाई केही फरक पर्दैन । हाम्रो लागि त सधैँ संकटकाल छ । भेटे भने जुनसुकै बेला पनि मार्न सक्छन् । तसर्थ संकटकाल लाग्ने त सहरमा बसेकाहरू र खास गरी सञ्चार क्षेत्र र सञ्चारमाध्यमलाई हो । हामी त सधैँ होशियार छौँ, तपाईंहरूले होश गर्नुहोला ।"

तर, जति होश गरे पनि सार्वजनिक मामलामा सक्रिय हुने भएकाले कुनै पनि पत्रकारले अरू पेशाकर्मीले जसरी विशेष 'होश' गर्न मिल्दैन । तैपनि भेष, वास वा अरू आम परिचय परिवर्तन गरेर सतर्कतापूर्वक हिँडडुल गर्नुपर्ने अवस्था आइलाग्यो । राष्ट्रिय अन्योल निम्त्याउने घटना हुनुभन्दा ठीक केही बेरअगाडि माओवादी नेता महरासँग गरेको कुराकानीमा सोध्ने मौका नै मिलेन- कसरी तपाईंहरूलाई सबै कुरा थाहा भयो ? अज्ञात ठाउँबाट आएको त्यो टेलिफोन 'कल' नै अन्तिम हुन पुग्यो । त्यसपछि त राजाको घोषणा सुरु भइहाल्यो,

सरकारी सञ्चारमाध्यमहरूमा । घोषणापछि फोन सम्पर्क गर्न यताउता प्रयास गरे पनि त्यो निरर्थक बनाइसकिएको थियो । 'मोबाइल' र 'ल्याण्ड' लाइन टेलिफोन काटिसकिएका थिए, बिना पूर्व सूचना । राजाको भाषणपछिको राष्ट्रिय अन्योल र सञ्चार सम्पर्कविहीनता तथा केही बेरअगाडिको अनुमान धेरै हदसम्म मिलेका थिए । अनि महराले भनेजस्तै सहरिया जीवन शैली र सञ्चारमाध्यमलाई वास्तवमै संकटकाल आइलागेको थियो । थप सूचना पाउने सम्भावना करीब-करीब समाप्त भएको थियो ।

यो जटिलता र उकुसमुकुसको वातावरणमा देशभरिका एक दर्जन रेडियो स्टेसनमध्ये कतिपयमा घण्टैपिच्छे र कतिपयमा तीन-तीन घण्टामा भीस्याट प्रणालीबाट समाचार वितरण गर्ने *कम्युनिकेसन कर्नर* जसमा म संलग्न थिएँ– ले पनि ताजा समाचार पस्किन सक्ने अवस्था बाँकी रहेन ।

## त्यस दिनको मेरो दैनिकी

बिहान ६ देखि राति १० बजेसम्म समाचार उत्पादन र वितरण गर्ने यस संस्थामा सम्पादकका रूपमा कार्यरत मलाई कामको चापाचाप नै हुन्थ्यो तर राजाको घोषणापछि मेरो दिनचर्या एकाएक फेरियो । एउटा क्रियाशील श्रमजीवी पत्रकारको लागि अनपेक्षित रूपमा आइलागेको त्यस दिनको यो दैनिकीले शाही शासनले नागरिक अधिकारमाथि गरेको हमलाको प्रारम्भिक चित्र प्रस्तुत गर्छ ।

### २०६१ माघ १९, मंगलबार

बिहान १० बजेको *राजधानी खबर* [1] मा राजाको भाषण 'लाइभ' आयो । ११ बजेको *राजधानी खबर*मा पनि सोहम सुवेदीले 'ओपनिङ' मात्र गरे र राजाको भाषणको पूर्ण पाठ बज्यो । १२ बजेको *नेपाल खबर* [2] मा पनि त्यही भयो । १ र २ बजेको *राजधानी खबर*मा पनि देशमा शाही घोषणाबाहेक अरू केही घटना नै नभएको जसरी राजाकै

---

१ *राजधानी खबर* बिहान ८ देखि राति १० बजेसम्म अरू समाचार बुलेटिन नभएको हरेक घण्टा प्रसारण हुन्थ्यो । काठमाडौंमा *नेपाल एफएम* ९१.८ का लागि *कम्युनिकेसन कर्नर*को स्टुडियोबाट प्रतिदिन नौओटा बुलेटिन प्रसारण हुन्थे । मूलतः यो काठमाडौं उपत्यकाका गतिविधिमा केन्द्रित थियो । यसको प्रसारण अहिले *नेपाल एफएम*को आफ्नै स्टुडियो, रविभवनबाट हुने गरेको छ ।

२ *नेपाल खबर* बिहान ९, दिउँसो १२, अपराह्न ३ र साँझ ६ बजे प्रसारण हुने समाचार बुलेटिन हो । १० मिनेट समय छुट्टयाइएको यो बुलेटिन *रेडियो वीरगञ्ज* (वीरगञ्ज), *मनकामना एफएम* (हेटौंडा), *कालिका एफएम* (चितवन), *बुटवल एफएम र रेडियो लुम्बिनी* (रुपन्देही), *रेडियो मदनपोखरा र श्रीनगर एफएम* (पाल्पा), *हिमचुली र माछापुच्छ्रे एफएम* (पोखरा), *सप्तकोशी एफएम* (इटहरी र विराटनगर) तथा *नेपाल एफएम* (काठमाडौं) गरी १२ ओटा रेडियो स्टेसनबाट प्रसारण हुने गर्थ्यो ।

भाषणका कुराहरू मात्र खबरको नाममा बजिरहे । वास्तवमा यो राष्ट्रिय गतिरोधको द्योतक थियो, मानौँ समय नै टक्क अडिएको छ, कतै केही भएकै छैन ।

मध्य दिउँसोतिर राजाबाट संकटकालीन अवस्थाको आदेश जारी भएछ। अब 'प्रजातान्त्रिक संविधान' कै शिरानीमा शिर राखेर नागरिकका सबै अधिकार उच्छेद भएको छ । यसको प्रत्यक्ष असर सिंगो सञ्चार जगत्मा पर्ने निश्चित छ । त्यसमा पनि सर्वाधिक मार श्रमजीवी पत्रकारहरूले ब्यहोर्नुपर्ने छ । अघिल्लो संकटकालको अनुभव पनि भएकोले संकटकाल स्वयंमा त्यत्रो डरलाग्दो र अनौठो अवस्था होइन भन्ने त छँदै छ, तर राजनीतिक अवस्था अर्कै भएकोले यस पटक लगाइएको संकटकाल ज्यादै कठोर र सञ्चार जगतका लागि बढी निरंकुश र घातक हुनसक्छ । सेना सञ्चार क्षेत्रसँग यसै पनि असन्तुष्ट रहँदै आएको छ। राजाको भाषण नसकिँदै साढे १० तिरै कठोरताका केही संकेत देखा परिसकेका छन्– सञ्चारमाध्यमका कार्यालयहरूमा सशस्त्र सेना उपस्थित भएर ।

राजाबाहेक एकजना मन्त्री पनि कोही छैन । सबै शासन व्यवस्था राजा एक्लैको हातमा छ। सबै आधारभूत अधिकार समाप्त पारिएको छ। निजी सञ्चारमाध्यम निस्तेज पारेर प्रचार संयन्त्र पूर्णतः एकपक्षीय बनाइएको छ। टेलिफोन, इन्टरनेट, विदेशी टेलिभिजन च्यानल, केही छैन । विदेशबाट आउने हवाईजहाजलाई पनि नेपाल पस्न निषेध गरिएको छ। सहरमा सेना परिचालित छ। प्रमुख राजनीतिक दलका नेताहरूलाई घरमै नजरबन्द गरिएको छ । अरू क-कसलाई कहाँ पुऱ्याइएको छ, कुनै पत्तो छैन ।

भयानक त्रासदी, अन्योल र घनघोर अन्धकारको अवस्थामा दिउँसो ३ बजेको *नेपाल खबर*को समय आयो । अब त समाचारमा केही थप सामग्री दिनुपर्छ भनेर नेताहरूलाई नजरबन्दमा राखिएको समेत लेखियो । तर सुरेश आचार्य प्रधान सम्पादक भए पनि गोपालजी[३] नै आएर समाचार सम्पादन गर्न थाल्नुभयो र त्यो समाचार हटाउनुभयो । श्रीधर पौडेललाई साथमा लिएर मैले पढेँ । राजाको 'भ्वाइस क्लिप' राखेर शाही घोषणा र टेलिफोन अवरुद्ध भएको खबरका साथै मुख्य सचिव विमल कोइरालाको अध्यक्षतामा बसेको श्री ५ को सरकारका सचिवहरूको बैठकसम्बन्धी छिपछिपे खबर पढियो; अन्तर्राष्ट्रिय र खेलकुदका खबर त छँदै थिए। पढिसक्नेबित्तिकै स्टुडियोभित्रै श्रीधरको टिप्पणी थियो– 'गजब समाचार पढियो हगि दाइ ? यो अन्तिम समाचार पनि हुनसक्छ ।' 'गजब' भनेर श्रीधरको व्यङ्ग्यात्मक प्रस्तुति थियो । 'गजब' अर्थात् आत्मनियन्त्रित भएर औपचारिकताका लागि मात्रै प्रसारण गरिएको नाममात्रको समाचार । कसैले केही लिखित वा मौखिक आदेश नदिएकै अवस्थामा आत्मनियन्त्रित भइएको थियो । भविष्यको केही अनुमान लगाउन नै कठिन त्यो समयमा सबै स्थितिको हाँसेर सामना गर्नुको विकल्प थिएन ।

स्टुडियोबाट निस्कनेबित्तिकै सुरेशजी[४] ले हल्काफुल्का किसिमले भन्नुभयो– 'बधाइ छ सर, अन्तिम समाचार पढेकोमा ।' कारण के रहेछ भने हामीले समाचार पढिरहेको समयमा एक डफ्फा सशस्त्र सैनिकको नेतृत्व गर्दै आएर एक कप्तानले 'अब खबरको नाममा केही नबजाउने' आदेश दिएर गएछन् । अब भने समाप्त नै भयो । समाचार प्रवाहलाई नै आफ्नो परिचय बनाएका *कम्युनिकेसन कर्नर* जस्ता संस्था

---

[३] गोपाल गुरागाईं, प्रबन्ध निर्देशक, *कम्युनिकेसन कर्नर* र *नेपाल एफएम* ।

[४] सुरेश आचार्य, प्रधान सम्पादक, *कम्युनिकेसन कर्नर* ।

समाप्त हुन लागेको जस्तो देखियो । त्यही वातावरणमा पनि  दिउँसो ४ बजेको *राजधानी खबर* पढ्ने आँट गरियो । त्यसपछि *राजधानी खबर* बन्द भयो ।

अरू सञ्चार र सञ्चारकर्मीको अवस्थाको कुनै पत्तो थिएन । राजाको भाषण नसकिँदै जनताले कुरा गर्ने टेलिफोनहरू काटिएपछि थप खबर बुझ्न सहर घुम्नैपर्ने भएको थियो । घुमेर थाहा भयो– आजै दैनिक पत्रिकाका सम्पादकहरूलाई राजदरबार संवाद सचिवालयमा बोलाएर निर्देशन दिइएछ ।

सामान्य अवस्था हुन्थ्यो भने आजको *नेपाल दर्पण* [५] कति शानदार हुन्थ्यो होला ! तर आज नेपाली पत्रकारहरूको हातको कलम बन्द भएको छ र श्रोताहरू बहिरा बनाइएका छन् । तसर्थ औपचारिकता जस्तो मात्र हुने गरी राजाको भाषण, संकटकाल घोषणा, सरकारका सचिवहरूको बैठकमा मुख्य सचिव विमल कोइरालाको निर्देशनका अलावा अन्तर्राष्ट्रिय र खेलकुदका खबरले औपचारिकता पूरा गर्ने काम मात्र भयो । *नेपाल दर्पण*को 'ढाँचा' नै फेरियो । संगीत मात्र *नेपाल दर्पण*को भयो, बाँकी केही रहेन । कार्यालयमा कोही बसेनन्, सबै हिँडे । श्रीधर र मैले पढ्यौं । सम्भवतः यो आजको मात्र नभएर सधैंको लागि अन्तिम *नेपाल दर्पण* पनि हुन सक्छ ।

आधा घण्टा बज्नुपर्ने *नेपाल दर्पण* सकेर डेरामा आइपुगेपछि राति ८:४५ बजे सर्टवेभमा *बीबीसी* नेपाली सेवा लगाएँ । माओवादी अध्यक्ष प्रचण्डको विज्ञप्ति र प्रवक्ता महराको टिप्पणी बज्यो । समग्रमा नेपाली सञ्चारमाध्यम तत्कालका लागि कामै नलाग्ने बनाइएका छन् । अन्योल, अनिश्चितता, भयावहता, भीषण युद्धविभीषिका, नरसंहार, राजनीतिक अस्थिरता, विदेशी हस्तक्षेपको खतरा, राजतन्त्रका अन्तिम दिनहरूको कारणले उत्पन्न हुनसक्ने अनेक विद्रोहको सम्भावना आदि पक्षले अँध्यारो थपिएको छ । शासकले खोसेका नागरिकका अधिकार नागरिकले मात्रै फिर्ता गर्न सक्छन्, जुन दिन आउने निश्चित छ तर सहज छैन । तत्कालका लागि सबैको भविष्य संकटमा परेको देखिएको छ ।

## पुस्तकको अन्तर्वस्तु

२०४७ सालपछिको खुला परिवेशमा पनि लडेर मात्रै अधिकार पाएको नेपालको स्वतन्त्र रेडियोको विगत आफैँमा महत्त्वपूर्ण र गौरवशाली छ । अधिकार प्राप्तिपछि यसको प्रभावकारिता चौतर्फी देखियो र प्रशंसा पनि गरियो । सुपथ र सरल भएकोले गाउँघरसम्म ताजा घटना पस्कन यसले महत्त्वपूर्ण योगदान गऱ्यो । प्रजातन्त्रको पुनःस्थापनापछि नै नेपालमा एफएम रेडियोहरूको स्थापना भएको हो र यिनैले समष्टिगत रूपमा स्वतन्त्र रेडियोको सम्बोधन पाएका छन् ।

---

[५] *कम्युनिकेसन कर्नर*मा उत्पादन भई प्रतिदिन राति ८ बजे आधा घण्टा विभिन्न रेडियो स्टेसनबाट प्रसारण हुने समाचारमूलक समसामयिक कार्यक्रम । यो कार्यक्रम माघ १९ सम्म *नेपाल खबर* प्रसारण हुने रेडियो स्टेसनमध्ये *रेडियो लुम्बिनी, हिमचुली* र *श्रीनगर*बाहेक अरू सबै एफएममा प्रसारण हुन्थ्यो । यसअलावा *रेडियो भेरी* (सुर्खेत), *धौलागिरी एफएम* (बाग्लुङ) र *रेडियो पालुङ* (मकवानपुर) मा गरी यो कार्यक्रम पनि एक दर्जन रेडियो स्टेसनबाट प्रसारण हुन्थ्यो ।

नेपालको स्वतन्त्र रेडियोले छोटो अवधिमा नै निकै ठूलो फड्को मारेको छ । स्थानीय प्रसारणको खास परिभाषा रेखांकन गर्ने एफएम रेडियो नै हुन् । प्रसारणको पेशागत स्वरूप पनि यिनैले सिर्जना गरेका हुन् । कुनै पनि राष्ट्रिय प्रसारणले एफएमले गरेको काम गर्न सकेको देखिँदैन । सन्देशलाई सही अर्थमा समुदाय तहसम्म पुऱ्याउने हो र आम श्रोतासम्म लैजाने हो भने, वरिष्ठ पत्रकार रामकृष्ण रेग्मीका शब्दमा, एफएमले स्थापना गरेको सञ्जाल नै उपयुक्त र विश्वसनीय छ भन्दा अतिशयोक्ति हुने छैन ।

२०६१ माघ १९ गते मंगलबार राजाले अवैधानिक तवरले राज्यसत्ता कब्जा गर्दा यही सञ्जाल र विश्वसनीयता नै राज्यका लागि आपत्तिजनक, अवाञ्छनीय र डरको विषय बन्न पुग्यो । त्यस दिन बिहान १० बजेदेखि राजा ज्ञानेन्द्रबाट 'राष्ट्रको नाममा बक्सेको शाही सम्बोधन' लाई आ-आफ्ना फ्रिक्वेन्सीमार्फत सुनाउने तयारी प्रायः सबै स्वतन्त्र रेडियो स्टेसनहरूमा गरिएको थियो । तर, शाही घोषणाको पुछारतिर राजाले 'स्वतन्त्र सञ्चार क्षेत्र प्रजातन्त्रको चेतना वृद्धि गर्ने माध्यम हुन्' भन्ने 'महावाणी' व्यक्त गरिसक्न नभ्याउँदै चेतना बढाउने सर्वाधिक प्रभावकारी माध्यम स्वतन्त्र रेडियोहरूको स्वतन्त्रता समाप्त पारिसकिएको थियो । तसर्थ 'शासन शैलीसँगै जीवनपद्धतिलाई नै प्रजातान्त्रिक मूल्य र आदर्शबाट प्रेरित बनाउन सञ्चारमाध्यमले सशक्त योगदान दिनेछन्' भन्ने उक्त घोषणाको अर्को 'महावाणी' स्वतन्त्र रेडियोका श्रोताले सुन्नै पाएनन् । यो नै नेपालको रेडियो स्वतन्त्रताका लागि 'भावी दिन देखाउने बिहानी' थियो ।

कतिपय रेडियो स्टेसनहरूमा शाही घोषणाको प्रसारण सुरु नहुँदै र कतिपयमा भइरहँदा शाही नेपाली सैनिक तैनाथ गरिएका थिए । शाही घोषणामा सुरक्षाकर्मीलाई उत्साहित गराउने प्रयास भएको र राजनीतिक दलको कटु आलोचना गरिएको परिप्रेक्ष्यमा सो घोषणापछि नागरिक प्रशासन केन्द्रीय निकायदेखि नै निस्तब्ध भएको र देशमा सैन्य शासन आरम्भ भएको आम अनुभूति भएको थियो । यसैलाई हेरेर नेपाल पत्रकार महासंघले शाही घोषणाको भोलिपल्टै राजाको कदमलाई 'कू' को संज्ञा दिएको थियो । यो 'कू' पछि देशभरिका रेडियो स्टेसनहरूले चौतर्फी दमन भोग्नुपरेको थियो, जसले देशमा स्वेच्छाचारी शासन सुरु भएको प्रमाणित गर्थ्यो ।

यो परिस्थितिसँगै नेपालको सञ्चारक्षेत्र, खास गरी स्वतन्त्र रेडियोले भोग्नु परेको अवस्थाबारे प्रस्तुत पुस्तकमा चर्चा गरिएको छ । राजाको प्रत्यक्ष शासन आरम्भ भएपछि स्वतन्त्र रेडियोविरुद्ध चालिएको दमनको शृंखला, त्यसको प्रभाव, दमनको प्रतिरोध, स्वतन्त्रताको समर्थनमा उठेका हातहरूका साथै दमन र

प्रतिरोधले छोडेर गएको सन्देशलाई प्रमुख पाँच खण्डमा राखेर यहाँ प्रस्तुत गरिएको छ ।

दमनका तीन थरी प्रवृत्ति देखिए- भौतिक दमन, कानुनी दमन र आर्थिक दमन । भौतिक दमन अन्तर्गत काठमाडौँभित्र र बाहिर निश्चित समयावधिमा भएको भौतिक दमनमा देखा परेका विभिन्न प्रवृत्तिको चर्चा गरिएको छ । कानुनी दमन अन्तर्गत उपलब्ध कानुनहरूको दुरुपयोग गरेर मात्र केही नलागेपछि अध्यादेशका भरमा कानुन नै परिवर्तन गरेर सञ्चार जगत्को संवैधानिक अधिकारमाथि बोलिएको धावालाई समेत प्रस्तुत गरिएको छ । आर्थिक दमन अन्तर्गत स्वतन्त्र रेडियोले बजारका आधारमा आर्जन गर्ने आम्दानीको बाटो समाप्त पार्ने, राज्यका तर्फबाट रेडियोसम्म पुग्ने सम्भावना भएका स्रोतका बाटाहरू बन्द गर्ने र विभिन्न शुल्कका नाममा राज्यले रेडियोसँग अत्यन्तै मोटो रकम असुल्दै त्यस्तो रकम तिर्न नसक्ने स्थितिमा पुऱ्याई रेडियो स्वतः बन्द हुने अवस्था सिर्जना गर्ने सरकारी प्रयास र उपायको लेखाजोखा गरिएको छ । दमनकै सन्दर्भमा, सत्ता र शक्तिको चरम दुरुपयोग गरेर राज्यले स्वतन्त्र रेडियोका विरुद्ध गरेको भ्रमको खेती र दिएका ध्वाँसहरूका साथै सरकारी सञ्चारमाध्यमको दुरुपयोग र सञ्चारकर्मीको प्रयोग गर्नेसम्मका सरकारी रवैयाको चर्चा गरिएको छ । यसैमा सरकार र विद्रोहीले चलाउन खोजेको र चलाइरहेको सञ्चारमाध्यमको सैनिकीकरणलाई पनि समेटिएको छ । साथै, जनआन्दोलन भाग-२ मा स्वतन्त्र रेडियोको सहभागिता र योगदानलाई पनि यस क्रममा उल्लेख गरिएको छ ।

सरकारी दमनका कारण स्वतन्त्र रेडियोमा देखा परेको प्रभावको लेखाजोखा पुस्तकको दोस्रो खण्डमा गरिएको छ । सरकारी हस्तक्षेपपछि रेडियोमा हुनुपर्ने आमसञ्चारको चरित्र समाप्त पारिएको, श्रोताले परस्परविरोधी सूचनाहरूको तुलना र विश्लेषणबाट सत्यतथ्य पत्ता लगाउन कोसिस गर्नु परेको, रेडियोहरूको आर्थिक धरातल खस्किएको, रेडियो पत्रकारिता संकटमा परेको, श्रोतादेखि पत्रकारसम्मले विकल्पको खोजी गर्नुपरेको तथा रेडियो पत्रकार र रेडियो सञ्चालकहरूका बीच पेशा, रोजगारी र जीवनकै सुरक्षाका लागि ठूलो संघर्ष चलेको पक्ष यस सन्दर्भमा समेटिएको छ । स्वतन्त्र रेडियोको आत्मसंघर्ष प्रस्तुत गर्ने क्रममा स्वतन्त्रताका पक्षमा लड्दा रेडियो प्रसारकहरूमा देखा परेको वैचारिक विविधता, त्यहीँभित्र रेडियो पत्रकारहरूले गर्नुपरेको संघर्ष तथा उनीहरूमाथि भएको व्यवहारको चर्चा गरिएको छ ।

तेस्रो खण्डमा, दमनको प्रतिरोधमा भएका प्रयासहरू लिपिबद्ध गरिएका छन् । मूलतः तीन माध्यमबाट नेपाली सञ्चार जगतले दमनको प्रतिरोध गऱ्यो–

सडक, सञ्चारमाध्यम र न्यायालय । सडक संघर्षमा शान्तिपूर्ण सांकेतिक विरोधदेखि धर्ना, जुलुस आदिसम्म परेका छन् । सञ्चारमाध्यमबाट गरिएका प्रतिरोधात्मक विरोध प्रदर्शनका खबर प्रकाशन/प्रसारणदेखि सरकारी आदेशको अवज्ञासम्मका गतिविधिलाई समेटिएको छ । न्यायालयमार्फत गरिएको लडाइँअन्तर्गत नेपाली सञ्चारजगत् स्वयंले र सञ्चार स्वतन्त्रताका पक्षधरहरूले अदालतमा अनेक मुद्दा दायर गरेर चलाएका कानुनी संघर्षहरू परेका छन् । यस्ता कानुनी लडाइँहरू रेडियोमा गरिएको भौतिक हमला विरुद्ध, राज्यले जारी गरेका अनेकानेक गैरकानुनी उर्दीका विरुद्ध र गैरसंवैधानिक किसिमले जारी गर्न खोजिएका र जारी गरिएका अध्यादेशका विरुद्ध लक्षित छन् । प्रतिरोधकै क्रममा, नेपाली सञ्चारजगत् विचार तथा अभिव्यक्तिको स्वतन्त्रताका लागि राज्यसँग असफल संवादमा संलग्न भएको सन्दर्भ पनि यसै खण्डमा परेको छ ।

नेपाली सञ्चार जगत्को स्वतन्त्रता यसमा संलग्न निश्चित व्यक्तिहरूको मात्र नभएर स्वतन्त्रताका पक्षधर देशभित्र र बाहिरका सारा नागरिकहरूको सरोकारको विषय हो । यसैले समग्रमा नेपाली सञ्चार जगत्को र मूलतः स्वतन्त्र रेडियोको पक्षमा देखा परेको पेशागत ऐक्यबद्धता तथा नागरिक र राजनीतिक समाजको सरोकारलाई पुस्तकको चौथो खण्डमा प्रस्तुत गरिएको छ । यसका साथै विश्वभरिका स्वतन्त्रताका हिमायती सञ्चारमाध्यम, अधिकारकर्मी व्यक्ति तथा संस्थाहरूका साथै राष्ट्रहरू र संयुक्त राष्ट्र संघसम्मले देखाएको गम्भीर चासो, समर्थन, सहयोग र ऐक्यबद्धतालाई चौथो खण्डमा समेटिएको छ ।

शाही सत्ताले लादेको दमनचक्र, त्यसविरुद्ध चलेको प्रतिरोध शृंखला, त्यसका सन्दर्भमा उठेका आवाजको परिणामस्वरूप लोकतान्त्रिक वातावरणको उदय र यसमा रेडियोको भूमिका परस्परमा अन्तरसम्बन्धित भएर आएका छन् । यी सबैको लेखाजोखापछि नेपाली सञ्चार जगत, खास गरी स्वतन्त्र रेडियो र यससँग जोडिएका सबै पक्षले मनन गर्नुपर्ने पक्षलाई पुस्तकको पाँचौं खण्डमा सामेल गर्न प्रयास गरिएको छ । यसले नेपाली सञ्चारक्षेत्रमा स्वतन्त्र रेडियो शाही शासनबाट सर्वाधिक पीडित कसरी हुनपुग्यो र आन्दोलनमा रेडियोको स्वतन्त्रताको मुद्दा किन मुखर हुनपुग्यो भन्ने पनि प्रस्ट पार्न सक्दछ । यद्यपि यसबाट मात्रै समग्र सन्देशको लेखाजोखा गर्नु अपर्याप्त भने अवश्य हुने छ ।

## अनुभवको अभिलेखन

स्वयं पीडित र संलग्न भएर गरिएका गतिविधिहरू, आन्दोलनमा योगदान गरेका व्यक्ति तथा संस्थाहरू र आन्दोलनका क्रममा सञ्चारमाध्यमहरूमा उत्पादित

हुनपुगेका समाचार विवरणहरूलाई पुस्तक लेखनका लागि स्रोत सामग्री बनाइएको छ । भेटेसम्मका तथ्य र विवरणहरू समेटिएको भए पनि यो पुस्तक नेपाली स्वतन्त्र रेडियोका लागि गरिएको कठिन संघर्षको सम्पूर्ण घटनाक्रमको विस्तृत संग्रह भने होइन । यसमा त उपलब्ध घटनाक्रमका आधारमा प्रवृत्तिको सोदाहरण प्रस्तुति मात्र गरिएको छ, जसले नेपालका स्वतन्त्र रेडियोहरूले नागरिक अधिकारका पक्षमा खेलेको भूमिकाको केही मात्र भए पनि झलक प्रस्तुत गर्न सक्नेछ र स्वतन्त्रताका हिमायतीहरूलाई केही मात्र भए पनि प्रेरणा दिनेछ भनेर विश्वास गर्न सकिन्छ ।

राजाको निरंकुशताका कारण स्वतन्त्र रेडियोले भोग्नुपरेको पीडा र त्यसविरुद्ध भएको संघर्षको गाथा कुनै व्यक्ति वा संस्थाविशेषको मात्र सरोकार र गौरवको विषय हुन सक्दैन । यो त समग्र नेपाली रेडियो र स्वतन्त्र सञ्चार जगतकै साहस र प्रतिबद्धताको अमर एवं प्रेरणादायी सुन्दर गाथा हो । राजाले शासनभार हातमा लिएर दमन सुरु गरेदेखि समग्र नेपाली जनताको प्रतिरोधबाट राज-सत्ताले घुँडा टेक्न बाध्य हुँदासम्मको स्वतन्त्र रेडियोको यो इतिहासबाट कसैले पनि केही शिक्षा र मार्गदर्शन प्राप्त गर्न सकेमा यस पुस्तक सार्थक हुनेछ ।

यो पुस्तकको लेखन भने एउटा पेशेवर श्रमजीवी पत्रकार– जसको मूल पेशा नै लेखेर बाँच्ने हो– ले श्रमको आर्थिक मूल्यलाई पूर्णतः तिलाञ्जली दिएर आन्दोलित र स्वयंसेवी भावनाका साथ गरेको एउटा झिनो प्रयासभन्दा बढी केही पनि होइन । सामग्री संकलन र लेखनका लागि महिनौं लागेको भए पनि एकल प्रयासको परिणाम भएकाले यसमा अपुग पक्षहरू प्रशस्तै हुन सक्छन् । यसलाई स्वीकार गर्न संकोच मान्नु दम्भ मात्र हुनेछ ।

सञ्चार स्वतन्त्रताका पक्षमा र अझ स्वतन्त्र रेडियोका पक्षमा मात्रै पनि नेपालमा सक्रिय संस्थाहरूको संख्यात्मक उपस्थिति आफैंमा त्यति निराशाजनक छैन । तीसँग उपलब्ध स्रोत तथा साधनका बारेमा व्यक्ति विशेषले अनुमान र टीका-टिप्पणी गर्नु युक्तिसंगत हुँदैन । तर, स्वतन्त्र रेडियोमाथि भएको दमन र त्यसको प्रतिरोधको विवरण संकलन एवं प्रस्तुतिका लागि स्रोत साधनको सहयोगका माध्यमबाट ऐक्यबद्धता जनाउन विभिन्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्था तयार नभएको वा तिनले यसलाई प्राथमिकतामा पार्न नसकेको यथार्थ यो पुस्तक लेखनका क्रममा अनुभव गरिएको तीतो पक्ष हो । यस क्रममा प्राप्त गरिएका 'रेस्पोन्स' हरूलाई स्वतन्त्र रेडियोकै आत्मसम्मानका लागि पनि पुनःस्मरण नगर्नु नै श्रेयस्कर ठानेको छु । तिनलाई नेपालमा आफ्नो एजेण्डामा काम गर्ने नभएर दाताको एजेण्डामा परिचालित हुने आम प्रवृत्तिको परिणामका रूपमा ग्रहण गर्न

सकिन्छ । यहाँनिर पुस्तकमा रहेका कमी कमजोरीलाई स्रोतसाधनविहीनताको परिणामका रूपमा पनि ग्रहण गरिदिनुहुने छ भन्ने विश्वास गरेको छु । यसो हुनुको कारण पनि स्पष्ट छ- यो पुस्तक लेखनको काम स्रोतसाधनको उपलब्धताको जगमा उभिएर वा स्रोतसाधनको खोजीको मनसायका साथ थालिएको थिएन, बरु पुस्तक लेखनका क्रममा स्रोतसाधनको सहयोगलाई स्वागत गर्न खोजिएको मात्र थियो ।

त्यसो त यो पुस्तक लेखनका क्रममा अरु कसैको गाथा लेखेको महसुस कहिल्यै भएन । उत्प्रेरणाको मूल आधार पनि यही हो । रेडियो पत्रकारका रूपमा आफ्नो रोजगारी तथा पेशा खोसिएको र जीवनको स्वतन्त्रतामा नै चुनौती खडा भएको अवस्थामा स्वतन्त्र रेडियोको पक्षमा आन्दोलित हुन पुगेको एक श्रमजीवीको नाताले भोगेको पीडा र गरेको संघर्षको आख्यानसमेत हो यो पुस्तक । यसमा लेखक स्वयं एक लेखक मात्र नभएर पीडित एवं आन्दोलित पात्र पनि हो । शाही निरंकुशताको प्रतिरोधको त्यही भावुक निर्णय र प्रतिबद्धताका आधारमा नै यो पुस्तक लेख्ने सोचको विकास भएको थियो । त्यस घडीमा स्रोतसाधनको हिसाबकिताब मनमा खेल्न सक्ने सम्भावना नै थिएन । के चाहिँ यथार्थ हो भने पुस्तक लेखनमा मात्र संलग्न हुनका लागि स्रोतसाधनको अभाव थियो र त्यही कारणले जीविकोपार्जनलाई यथावत् निरन्तरता दिइरहनु पर्दा लेखनकार्य पूर्वनिर्धारित समयसीमाभित्र सम्पन्न हुन सकेन ।

नेपालको स्वतन्त्र रेडियोको दमन र प्रतिरोधको यो कथा-व्यथाको प्रकाशनका लागि मार्टिन चौतारीका शेखर पराजुलीलगायतका सहयोगी मित्रहरूले अनपेक्षित लामो समयसम्म सधैर्य देखाएको तत्परता कदरयोग्य छ । सामग्री संकलनका क्रममा नेपाल पत्रकार महासंघ, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल, सामुदायिक रेडियो प्रसारक संघ, *नेपाल एफएम ९१.८*, मिडिया सर्भिसेज इन्टरनेसनल, नेपाल वातावरण पत्रकार समूह, नेपाल बार एसोसिएसन, फ्रिडम फोरमलगायतका संघ संस्थाबाट प्राप्त सहयोगका लागि धन्यवाद दिन चाहन्छु । कतिपय सामग्री तथा सूचना उपलब्ध गराउन हार्दिकतापूर्वक सहयोग गर्ने सञ्चारकर्मी, कानुनव्यवसायी, कर्मचारी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाका अधिकारकर्मी मित्रहरू पनि साधुवादका पात्र हुन् । सदैव सकारात्मक सोचका साथ प्रतिक्रिया, सुझाव र सल्लाह प्रदान गरेर मलाई हौसला दिने अग्रज, मित्रगण तथा परिवारका सदस्यहरूप्रति आभार व्यक्त गर्न चाहन्छु । पुस्तकको सम्पादनको गम्भीर र महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएका नेपाली भाषा सम्पादनका सिद्धहस्त शिल्पी शरच्चन्द्र वस्तीप्रति सम्मान प्रकट गर्न चाहन्छु । राजधानी केन्द्रित सूचना प्रणालीका कारणले

काठमाडौँमै उपलब्ध सामग्रीका आधारमा यो पुस्तक तयार गरिएकाले राजधानी बाहिरका घटना र विवरणले कम प्राथमिकता पाएका हुनसक्छन्। स्रोत र सामग्री दुवैको अभावले गर्दा भएको यो कमजोरीलाई अन्यथा नलिइदिनु हुन सविनय आग्रह छ।

अन्त्यमा, यस पुस्तकले सामान्यतः नेपालको स्वतन्त्र सञ्चार जगत् र विशेषतः स्वतन्त्र रेडियोले राजाको प्रत्यक्ष निरंकुश शासनमा भोगेको यथार्थ अभिलिखित गर्न सकेको ठहरिएमा लेखनको क्रममा पटक-पटक पैदा भएको निराशाभावलाई विस्मृतिको गर्भमा थन्क्याइदिने अवसर प्राप्त हुने थियो भन्ने ठानेको छु। पुस्तकमा केही कमी कमजोरी रहेछन् भने तिनलाई केलाएर तपाईंबाट निर्मम टिप्पणी प्राप्त हुने अपेक्षा गरेको छु। यसमा समाविष्ट तथ्य र विचारहरू व्यक्ति वा संस्थाविशेषप्रतिको अनुराग वा द्वेषमा आधारित नभई तत्कालीन वास्तविकतामा आधारित रहेको यथार्थप्रति कसैमा कुनै अन्योल रहने छैन भन्ने विश्वास लिएको छु। नेपाली सञ्चार जगत्को गौरवगाथाका रूपमा रहेको यस ऐतिहासिक परिघटनाको संकलन र विश्लेषणमा कुनै पनि आस र त्रासमा नअल्झिई आफूलाई संलग्न गराउँदा गौरवको अनुभूति भएको सत्य पनि तपाईंसमक्ष खोल्न चाहन्छु। आफ्नो बहुमूल्य समय निकालेर यो पुस्तक पढ्न तयार हुनुभएकोमा तपाईंप्रति हार्दिक सम्मान व्यक्त गर्दछु। यसका साथै संस्थागत हुन नसकेको नेपाली पत्रकारिताको बजारमा असंगठित मजदुरको कानुनी हैसियत भोग्न बाध्य सम्पूर्ण सहकर्मी पत्रकार र विशेषतः स्वतन्त्र रेडियोका पत्रकारहरूप्रति यो पुस्तक समर्पण गर्न चाहन्छु। दमनका यस्ता कथा फेरि फेरि कहिल्यै नदोहोरिऊन् भन्ने भित्री इच्छा जाहेर गर्न छुटाउने त कुरै भएन।